# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३१६


प.सं.: ०७७/०७८
च.नं.:

मितिः २०७७/०५/२३

## कोरोना भाइरस महामारी नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण यस नगरपालिकाको समुदायस्तरमा समेत देखिएको हुँदा नगरबासीहरु सचेत रहन निम्न उपायहरु अवलम्ब गर्नु/गराउनु हुन सम्बन्धी सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१. अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्किनु हुन, निस्कनै परेमा अनिवार्य माक्सको प्रयोग, सामाजिक दुरी कायमगरी स्वास्थ्य सुरक्षाको मापदण्ड कायम गर्ने,
२. घर भित्र प्रवेश गर्नु अघि साबुन पानीले मिचिमिचि २० सेकेन्ड सम्म हात धुने र सरसफाइ गर्ने,
३. घरमा पाहुना नबोलाउने र आफु पनि नजाने, मानिसहरु भेलाभई गरिने कुनै प्रकारका सभा, समारोह, तालिम, गोष्ठी जस्ता जमघट भिडभाड हुने कार्य नगर्ने/नगराउने,
४. ब्युटिपार्लर, शैलुन, पाटी प्यालेस, मनोरञ्जन स्थल, मठमन्दिरमा (दैनिक पुजा बाहेक) धार्मिक कार्यमा जमघट जस्ता समुहमा हुने गतिविधि नगर्नु/नगराउनु हुन,
५. दैनिक रुपमा योग, ध्यान, तातोपानी सेवन गर्ने र भिटामिन सि युक्त फलफुल खाने,
६. हालको अवस्थामा स्वास्थ्य संस्थामा विरामीहरुको आवागमनबाट संक्रमण रोग फैलिन सक्ने भएकोले अत्यावश्यक उपचार बाहेक नजाने, रुघा ,खोकी, ज्वरो, सासफेर्न, अप्ठयारै भएमा नजिकैको स्वास्थ्य संस्थामा जाँच गर्ने,
७. सामान विक्री गर्ने पसलमा साबुन पानीले हातधुने व्यवस्था मिलाई सामाजिक दुरी कायम गरी अनिवार्य माक्स प्रयोग गरी सुरक्षित रुपले कारोबार संचालन गर्ने,
८. नगर भित्र संचालित कुनै निर्माण कार्य तथा उद्योगी व्यवसायीहरुले नेपाल सरकारद्वारा जारी गरेको स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्णरुपले पालन गरी निर्माण कार्य वा उद्योग व्यवसाय संचालन गर्ने/गराउने,
९. यो महामारीबाट सबै नगरबासीहरु सचेत बनौ हालको संक्रमणबाट आफु पनि बचौ अरुलाई पनि बचाउ, सबै नगरबासीहरुलाई सचेत बनाऔं ।
१०. कुनै पनि व्यक्ति अन्य जिल्ला वा विदेशबाट टोल समाजमा आएको जानकारी पाउना साथ सम्बन्धित वडाध्याक्षलाई वा नगरपालिकामा जानकारी गराइदिनु हुन अनुरोध गर्दछौ ।

२०७७/०५/२३

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख


इमेलः devchulimunicipality@gmail.com